# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, साउन १८ गते २०३३ साल**

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ को दफा ३ को उप–दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही गठन आदेशको दफा (३) को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखी समितिका सदस्यहरूको संख्यामा हेरफेर गरेको छ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) सचिव, खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय – – – अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय – – – – – सदस्य

(ग) प्रतिनिधि, गृह पञ्चायत मन्त्रालय – – – – सदस्य

(घ) प्रतिनिधि, जल तथा विद्युत् मन्त्रालय – – – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय – – सदस्य

(च) प्रतिनिधि, कृषि विभाग – – – – – सदस्य

(छ) प्रतिनिधि, पश्चिमाञ्चल कृषि निर्देशनालय – – – सदस्य

(ज) प्रतिनिधि, नेपाल विद्युत् कर्पोरेशन – – – – सदस्य

(झ) महानिर्देशक, सिंचाइ तथा जलवायु विज्ञान विभाग – – सदस्य

(ञ) प्रतिनिधि, पश्चिमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालय – – सदस्य

(ट) परियोजनाप्रमुख, भूमिगत जलस्रोत विकास योजना – सदस्य–सचिव

आज्ञाले–

दीर्घराज कोइराला

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले रम्घाटार सिंचाइ योजनाको लागि गण्डकी अञ्चल, लमजुङ जिल्ला, सूर्यपाल गाउँ पञ्चायत वडा नं. ६ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय भएकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व यही मोठ नं. २३४ मध्येको बाँकी जग्गा, पश्चिम यही मोठ नं. २३४ मध्येको जग्गा, उत्तर गल्ली बाटो, दक्षिण यही मोठ नं. २३४ मध्येको बाँकी जग्गा, यति ४ किल्ला- भित्रको लमजुङ मालमा ६० सालको दर्ता जि. मु. भद्रवा झा मार्फत सालको मालपोत रू. ५।३० बुझाउनु पर्ने मोठ नं. २३४ मोही नं. १७८ जैसीटार खेत माटो मुरी ।१५।३ मध्येबाट माटो मुरी ।४ (चार) को मालपोत रू. १।५० (एक रूपैयाँ पचास पैसा) लागेको कित्ता ।

आज्ञाले–

५३३ ६३२

दीर्घराज कोइराला

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।